# सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

**प्रस्तावना** : सुदूरपश्चिम प्रदेशको ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना, आयआर्जन र गरिवी निवारणका लागि प्रदेश सरकारबाट कृषि उपज उत्पादनमूलक सहकारी संस्था तथा सहकारी संघहरुलाई प्रदान गरिने अनुदानलाई सरल, पारदर्शी र प्रभावकारी रुपमा परिचालन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशको सहकारी ऐन, २०७५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस कार्यविधिको नाम "सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि सुदूरपश्चिम प्रदेश भर तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "आयोजना" भन्नाले दफा ३ को उपदफा (३) बमोजिमको संस्थाले सञ्चालन गर्न प्रस्ताव गरेको कार्यक्रम सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेशको सहकारी ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) "कार्यशील पूँजी" भन्नाले आयोजना सञ्चालन गर्नका लागि आवश्यक पर्ने सञ्चालन खर्च, व्यवस्थापन, तालिम लगायतका कार्यमा लगानी गरिने पूँजीलाई जनाउँछ ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको सहकारी रजिष्ट्रार अधिकारीको कार्यालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ । सो शब्दले ती कार्यालयहरुको सम्पर्क केन्द्र समेतलाई जनाउँछ ।

(ड) "प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति" भन्नाले दफा ८ को उपदफा (१) बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ ।

(च) "विनियम" भन्नाले सहकारी संस्थाको विनियम सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(ज) "मूख्य कारोवार" भन्नाले संस्थाले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरु मध्ये कूल वार्षिक कारोवारको पचास प्रतिशत भन्दा बढी हिस्सा भएको कारोवार सम्झनु पर्छ ।

(झ) "सहकारी खेती" भन्नाले संस्थाले बहुवर्षिय रुपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरुलाई प्रत्यक्ष संलग्न गराएर सामुहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शब्दले त्यसरी सामुहिक जोखिममा गरिने पशु तथा कृषिसँग सम्बन्धित व्यवसायलाई समेत सम्झनु पर्छ ।

(ञ) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ । सो शब्दले सहकारी संघहरुलाई समेत जनाउँछ ।

(ट) "समिति" भन्नाले सहकारी संस्थाको सञ्चालक समिति सम्झनु पर्छ ।

(ठ) "साधारण सभा" भन्नाले सहकारी संस्थाको वार्षिक साधारण सभा सम्झनु पर्छ ।

(ड) "सीमान्तकृत समुदाय" भन्नाले दलित, पिछडिएका अल्पसंख्यक जनजाति, आर्थिक रुपले विपन्न समुदाय सम्झनुपर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिहरुलाई समेत जनाउँछ ।

(ढ) "स्थिर पूँजी" भन्नाले आयोजना सञ्चालन गर्न आवश्यक पर्ने जग्गा जमिन, भवन, मेसिनरी उपकरण, पशुपन्छी खरिद लगायतमा लगानी गरिने पूँजीलाई जनाउँछ ।

## परिच्छेद – २

## अनुदान परिचालन सम्बन्धी व्यवस्था

३. <u>अनुदान परिचालन</u> : (१) संस्थाको आयोजना सञ्चालन गर्न प्रदेश सरकारले यस प्रदेश भित्र रहेका कृषि सहकारी संस्था वा कृषिजन्य कार्य गर्ने अन्य सहकारी संस्थालाई देहाय बमोजिम अनुदान परिचालन गर्न सक्नेछः-

(क) बीउ पूँजी अनुदान

(ख) पूँजीगत अनुदान

(२) उपदफा (१) बमोजिम प्रदान गरिने रकमको अधिकतम सीमा २० (बिस) लाख रुपैयाँसम्म हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान दिँदा संस्थाहरुको देहाय बमोजिमका आयोजनाका लागि दिन सकिनेछः-

(क) श्रमिक, भूमिहीन कृषक, सीमान्तकृत समुदाय सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई सामुहिक वा व्यक्तिगत रुपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

(ख) कृषि सहकारी संस्थाले दीर्घकालिन रुपमा भूमिको व्यवस्थापन गरी सदस्यहरुलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना,

(ग) कृषि सहकारी संस्थाले आफ्ना सदस्यहरुको उपज संकलन, सञ्चय, प्रशोधन तथा बजारीकरण (माछापालन, पशुपालन, मासु व्यवसाय आदि) गर्ने सम्बन्धी आयोजना,

(घ) आमउपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई आवश्यक दैनिक उपभोग्य वस्तुहरु बिक्री वितरण गर्ने आयोजना,

(ङ) सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी सञ्चालन गरिने सहकारी सिंचाईका आयोजना, र

(च) विषयसँग सम्वन्धित सहकारी संस्थाले संगठित भई सामुहिक रुपमा सञ्चालन गर्ने शीतभण्डार, दुग्ध संकलन, भण्डारण तथा प्रशोधन केन्द्र, श्रोत केन्द्र, थोक बजार, हाट बजार, कृषि औजार कारखाना लगायतका साझा उपयोगका आयोजना

स्पष्टिकरण: दफा ३ को उपदफा (३) खण्ड (च) को प्रयोजनका लागि विषयसँग सम्बन्धित सहकारी संस्था भन्नाले कृषि तथा पशुपन्छि व्यवसायमा संलग्न कृषि र बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

(४) मन्त्रालय वा कार्यालयले संस्थाको कार्यक्षेत्र, भौगोलिक विकटता, कार्य क्षमताको आधारमा प्राथमिकता दिई अनुदान परिचालन गर्न सक्नेछ ।

(५) मन्त्रालय वा कार्यालयले संस्थालाई दफा ३ को उपदफा (३) को खण्ड (क) र (ख) बमोजिमको आयोजना सञ्चालन गर्न बीउ पूँजी अनुदान प्रदान गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम बीउ पूँजी उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याको आधारमा प्रति सदस्य तिस हजार रुपैयाँ वा कूल सात लाख पचास हजार रुपैयाँमा जुन घटी हुन्छ, सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ ।

(७) दफा ३ को उपदफा (३) को खण्ड (क) देखि (ङ) बमोजिमको आयोजना सञ्चालन गर्न अधिकतम बिस लाख रुपैयाँसम्म पूँजीगत अनुदान प्रदान गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम पूँजीगत अनुदान उपलब्ध गराउँदा आयोजना सञ्चालन गर्न लाग्ने कूल स्थिर पूँजी आवश्यकताको पचास प्रतिशतसम्म अनुदान प्रदान गर्न सक्नेछ ।

(९) उपदफा (५) बमोजिम उपलब्ध गराइएको बीउ पूँजी अनुदान संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम स्थिर वा कार्यशील पूँजीका साथै व्यवसाय सञ्चालन खर्च व्यहोर्ने गरी उपयोग गर्न सक्नेछ ।

(१०) उपदफा (७) बमोजिम प्रदान गरिएको पूँजीगत अनुदान संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको पूँजीगत खर्चमा मात्र उपयोग गर्नु पर्नेछ ।

४. <u>सदस्य केन्द्रित व्यवसाय सञ्चालन</u> : (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले देहाय बमोजिम सदस्य केन्द्रित व्यवसाय सञ्चालन गर्नु पर्नेछ :-

(क) उत्पादनमूलक संस्थाले सदस्यहरुको मात्र उपज खरिद गर्नु पर्ने,

(ख) उपभोक्ता संस्थाले सदस्यहरुलाई आवश्यक वस्तु वा सेवा मात्र बिक्री गर्नु पर्ने,

(ग) रोजगारीमूलक संस्थाले सदस्यहरुलाई मात्र रोजगारी दिनु पर्ने ।

(२) यो दफा यातायात र स्वास्थ्य सेवाको आयोजनाको हकमा भने उपदफा (१) लागू हुने छैन ।

५. <u>अनुदान उपलब्ध नगराईने अवस्था</u> : (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सहकारी संस्थालाई अनुदान उपलब्ध गराइने छैन :-

(क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रुपमा निर्वाचन नगरेको,

(ग) नियमित रुपमा वार्षिक लेखापरीक्षण नगराएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेश नभएको,

(ङ) अघिल्ला वर्षहरुमा प्राप्त अनुदानहरुको सदुपयोग नगरेको,

(च) कार्यक्षेत्र भन्दा बाहिर गई कारोवार सञ्चालन गरेको,

(छ) कर चुक्ता प्रमाण पत्र नभएको, र

(ज) संस्था दर्ता भएको कम्तीमा दुई वर्ष पूरा नभएको ।

तर बीउ पूँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न गरेपछि त्यस्तो अनुदान उपलब्ध गराउन सकिनेछ ।

(झ) प्रदेशको कार्यक्षेत्र भन्दा बाहिरको,

(२) उपदफा (१) को खण्ड (झ) मा जुनसुकै लेखिएको भए तापनि प्रदेश सरकारको कार्यक्षेत्र भित्र आवश्यक मात्रामा त्यस्ता संस्थाहरु उपलब्ध हुन नसक्ने भएमा यस प्रदेश भित्रका स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थालाई दोहोरो नपर्ने गरी अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) आफ्नो प्रकृति अनुसारको मूख्य काम नगर्ने बचत तथा ऋण बाहेकका अन्य सहकारी संस्थाहरुले समेत अनुदान प्राप्त गर्न सक्ने छैन् ।

## परिच्छेद - ३
## <u>कार्यक्रम कार्यान्वयन तथा व्यवस्थान</u>

६. <u>प्रस्ताव आव्हान</u> : (१) प्रत्येक आर्थिक वर्षको प्रथम चौमासिक भित्र मन्त्रालय वा कार्यालयले मन्त्रालयबाट तय भए वमोजिम अनुदानका लागि कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा तिस दिनको अवधि दिई सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरिनेछ ।

तर, आर्थिक वर्ष २०७६/०७७ को हकमा यो कार्यविधि स्वीकृत भएको १५ दिन भित्र सूचना प्रकाशन गरी सक्नुपर्नेछ

(२) उपदफा (१) बमोजिमको सूचना प्रदेश तथा जिल्ला तहका संघ र विषयगत संघहरुमा समेत जानकारी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना मन्त्रालय वा कार्यालयको वेभसाइटमा समेत राख्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा दिइएको अवधिभित्र अनुसुची-१ बमोजिमको ढाँचामा उल्लिखित कागजातहरुसहित सहकारी संस्थाले मन्त्रालय वा कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

७. प्रारम्भिक छानविन : (१) उपदफा ७ बमोजिम प्राप्त प्रस्तावसहितको दरखास्त उपर मन्त्रालयको सहकारी क्षेत्र हेर्ने सम्बन्धित शाखा वा कार्यालयले प्रारम्भिक छानविन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा सम्बन्धित शाखा वा कार्यालयले अनुसुची-२ बमोजिमको प्रारम्भिक जाँचसुचीको आधारमा सहकारी क्षेत्र हेर्ने शाखा वा कार्यालयमा उपलब्ध अभिलेख र संस्थाले पेश गरेको अनुसूची-३ बमोजिमको आयोजना विवरण भिडाई माग भए बमोजिमका कागजात भए नभएको यकिन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा उपदफा (२) बमोजिमको जाँचसुची मध्ये कुनैमा असफल भएको पाईएमा सहकारी क्षेत्र हेर्ने शाखा वा कार्यालयले त्यस्तो दरखास्त स्वीकृत नहुने व्यहोराको जानकारी सम्बन्धित संस्थालाई गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम छानविन गर्दा यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउन मिल्ने देखिएमा सहकारी क्षेत्र हेर्ने शाखा वा कार्यालयले उपदफा (२) बमोजिमको जाँचसुची सहित छनौटका कार्यक्रम तथा बजेट समेत प्रस्ताव गरी अनुदान उपलब्ध गराउन प्रस्ताव पेश गर्ने म्याद सकिएको १५ दिन भित्र प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा सिफारिस गर्नु पर्नेछ ।

(५) दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य कुरा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

८. <u>प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति</u>: (१) दफा ७ बमोजिम प्राप्त प्रस्तावको प्रारम्भिक छानविन पश्चात मूल्याङ्कन गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ :-

(क) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा - संयोजक

(ख) अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, योजना तथा अनुगमन महाशाखा - सदस्य

(च) कानून अधिकृत, मन्त्रालय - सदस्य

(छ) अधिकृत प्रतिनिधि, सहकारी तथा गरिवी निवारण शाखा - सदस्य-सचिव

(२) मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले दफा ३ को उपदफा (२) र (६) को सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसुची-४ बमोजिमको आधारमा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ ।

९. <u>आयोजना प्रस्तावको स्वीकृति</u> : (१) दफा ७ बमोजिम प्राप्त प्रस्ताव, प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भइसकेपछि स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रस्तावमा विचार गरी मन्त्रालयले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृतिका लागि प्राप्त प्रस्तावमा तात्विक प्रक्रियागत वा अन्य त्रुटी देखिएकोमा मन्त्रालयले पुनः मूल्याङ्कनका लागि कुनै वा सबै प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा फिर्ता पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम फिर्ता आएको प्रस्ताव उपर आवश्यक कारवाही गरी प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले अनुसुची-४ बमोजिमको आधारमा पुनः मूल्याङ्कन गरी पठाउन सक्नेछ ।

(५) यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



निमित्त सचिव

(क) यस कार्यविधि बमोजिम स्वीकृत कार्यक्रमहरु प्रचलित कानून बमोजिम सञ्चालनका लागि मार्गदर्शन गर्ने,

(ख) अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक शर्त निर्धारण गर्ने,

(ग) प्रचलित कानून बमोजिम प्रस्ताव साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने,

(घ) कार्यक्रम प्रस्तावमा परिमार्जन गर्न आवश्यक देखिएमा सोको औचित्यता खुलाई सिफारिस गर्ने,

(ङ) मातहतका निकाय तथा कार्यालयहरु अन्तर्गत सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(च) कार्यक्रम कार्यान्वयन गर्ने इकाईलाई आवश्यक निर्देशन दिने,

१०. <u>बैठक सम्बन्धी कार्यविधि</u> :(१) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(४) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समितिको बैठक हरेक चौमासिकमा एक पटक र आवश्यकता अनुसार बस्नेछ ।

## परिच्छेद-४

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र फरफारक

११. <u>आयोजना सम्झौता</u> : (१) दफा ९ बमोजिम आयोजना प्रस्ताव स्वीकृत भएको विवरण प्राप्त भए पछि सम्बन्धित संस्थालाई सोको जानकारी दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना प्रस्ताव स्वीकृत भएको सूचना मन्त्रालयको वेभसाइटमा समेत राखी विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम जानकारी गराउँदा कम्तीमा १५ दिनको समय दिई सम्झौता गर्न आउने म्यादसमेत खुलाउनु पर्नेछ ।

तर, कुनै विशेष अवस्था परी सात दिनसम्म ढिलो भए तापनि सम्झौता गर्ने पदाधिकारीलाई सो विशेष परिस्थिति परेको भन्ने आधार मनासिब लागेमा सम्झौता गर्न बाधा पर्नेछैन ।

(४) उपदफा (१) बमोजिम स्वीकृत आयोजना प्रस्ताव पेश गर्ने संस्थासँग अनुदान प्रदान गर्दा मन्त्रालय वा कार्यालयले अनुसूची-५ बमोजिमको ढाँचामा आयोजना सम्झौता गर्नु पर्नेछ ।

(५) संस्थाले मन्त्रालयबाट प्राप्त गरेको वित्तीय अनुदानको प्रयोजन खुल्ने विवरण आयोजना स्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीका लागि प्रस्टसँग पढ्न सकिने गरी सूचना पाटीमा लेखी सार्वजनिक गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाको सम्झौता बमोजिम प्रदेश सरकारका साथै संस्थाको प्रयोजनगत र अद्यावधिक खर्चका महलहरु राख्नु पर्नेछ ।

१२. <u>सार्वजनिक परीक्षण</u>: (१) संस्थाले सम्झौता बमोजिमको कार्यसम्पन्न गरिसके पश्चात आयोजनाको देहाय बमोजिमको विधि प्रयोग गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछ :

(क) सार्वजनिक वा नागरिक सुनुवाई र,

(ख) प्रदेश सरकारबाट उपलब्ध स्रोतबाट प्रस्तावनामा लेखिएको उपलब्धी हासिल भए नभएको सर्वेक्षण प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम गरेको सार्वजनिक परीक्षणको पुष्टी हुने आवश्यक कागजातहरु सम्बन्धित संस्थाले तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. <u>कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र भूक्तानी प्रक्रिया</u> : (१) यस कार्यविधि बमोजिम सम्झौता अनुसारको कार्यसम्पन्न भई दफा १२ बमोजिम सार्वजनिक परीक्षण समेत सम्पन्न भएपछि सम्बन्धित संस्थाले सक्कल बिल, भौचर लगायत आवश्यक कागजातसहित मन्त्रालय वा कार्यालय समक्ष भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि मन्त्रालय वा कार्यालयले सम्बन्धित विषयका प्राविधिकहरुको टोली स्थलगत रुपमा खटाई पछिसम्म फरक नपर्ने गरी अनुसुची-६ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खटिएको टोलीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा मन्त्रालय वा कार्यालयबाट देहाय बमोजिम सम्बन्धित संस्थाको बैंक खातामार्फत अनुदान रकम भुक्तानी गरिनेछ :-

(क) दफा ११ उपदफा (४) बमोजिम सम्झौता सम्पन्न भइसकेपछि संस्थाले गरेको कार्यप्रगतिका आधारमा प्रथम किस्ता स्वरुप स्वीकृत रकमको बिस प्रतिशत,

(ख) खण्ड (क) बमोजिम प्राप्त रकमको फाँटवारी र निर्माण कार्यको हकमा मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ बिल सहितको अन्तरिम प्रतिवेदन प्राप्त भए पछि दोस्रो किस्ता स्वरुप चालिस प्रतिशत रकम,

(ग) खण्ड (ख) बमोजिम प्राप्त रकमको फाँटवारी र निर्माण कार्यको हकमा मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ बिलसहितको अन्तिम प्रतिवेदन प्राप्त भएपछि अन्तिम किस्ता स्वरुप बाँकी चालिस प्रतिशत रकम ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्व तयारी पूरा गर्नु पर्नेमा त्यस्तो पूर्व तयारी पूरा नगरेसम्म र प्रस्ताव मूल्याङ्कन तथा छनोट समितिले कुनै शर्त बन्देज तोकेकोमा त्यस्तो शर्त, बन्देज पालना नगरेसम्म कुनै पनि रकम भुक्तानी गरिने छैन ।

(५) उपदफा (३) बमोजिम अनुदानको रकम भुक्तानी भएको जानकारी कार्यालयले ७ दिन भित्र मन्त्रालयमा दिनु पर्नेछ ।

१४. <u>सार्वजनिक खरिद ऐन लागू हुने</u> : यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया पूरा गर्नु पर्नेछ ।

१५. <u>वित्तीय अनुदानको सदुपयोग गर्नु पर्ने</u> : (१) संस्थाले अनुदानको रकम दफा ३ बमोजिम आफ्नो खातामा आम्दानी बाँधि जुन प्रयोजनको लागि रकम प्राप्त भएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम आम्दानी बाँधिएको वित्तीय अनुदानको रकमको उपयोग खुल्ने गरी श्रेस्ता राखी अद्यावधिक गर्नु पर्नेछ ।

१६. प्रतिवेदन दिनुपर्ने : संस्थाले यस कार्यविधि बमोजिम प्राप्त गरेको वित्तीय अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधिभित्र अनुदान उपलब्ध गराउने मन्त्रालय वा कार्यालयमा पेश गर्नु पर्नेछ :-

(क) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगावै,

(ख) दोस्रो अन्तरिम प्रतिवेदन तेस्रो किस्ता लिनु अगावै,

(ग) वार्षिक प्रतिवेदन आ. व. समाप्त भएको ३० दिन भित्र वा निर्माण कार्यको हकमा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र, र

(घ) आयोजनाको प्रतिफल र उपलब्धी सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्ष भित्र ।

१७. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन : (१) कार्यालयले अनुदान प्रदान गरिएका आयोजनाको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयबाट हुने अनुगमनका अतिरिक्त आवश्यकता अनुसार मन्त्रालयले समेत अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमनको प्रतिवेदन मन्त्रालयले तोकेको ढाँचामा दिनुपर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमनको कार्यमा संस्थाले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको अनुगमन प्रतिवेदन मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(६) यस कार्यविधि बमोजिम सञ्चालित आयोजनाको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय विशेषज्ञसहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी पछिसम्म फरक नपर्ने गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

निमित्त सचिव

(८) उपदफा (७) बमोजिम प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित संस्था वा कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन नगर्ने सम्बन्धित संस्था वा कार्यालयका प्रमुखलाई प्रचलित कानून बमोजिम मन्त्रालयले कारवाही गर्न वा कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(१०) उपदफा (७) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(११) सञ्चालित कार्यक्रमको मन्त्रालय, मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सोझै अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

१८. <u>अनुदान रोक्का गर्न सक्ने</u> : (१) दफा १७ बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त वित्तीय अनुदानको सदुपयोग नगरेको वा सम्झौताको कुनै शर्त पालना गरेको नपाईएमा अनुगमन प्रतिवेदनको आधारमा मन्त्रालयले मनासिब समय दिई देहाय बमोजिम गर्न सक्नेछ :-

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने, र

(ग) सम्झौताको शर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिम दिएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा मन्त्रालय वा कार्यालयले आवश्यक सुधार गरे पछि फुकुवा गर्ने गरी सो संस्थालाई जानकारी गराई बाँकी किस्ताको अनुदान भुक्तानी रोक्का राख्न सक्नेछ ।

१९. <u>कालो सूचीमा राखिने</u> : (१) दफा १७ बमोजिम अनुगमन गर्दा यस कार्यविधि बमोजिम संस्थालाई प्रदान गरिएको वित्तीय अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाईएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्था र सो संस्थाका पदाधिकारी एवम् सदस्यहरुलाई कालो सूचीमा राखी भविष्यमा कुनै पनि अनुदान कार्यक्रममा समावेश गरिने छैन ।

(२) उपदफा (१) बमोजिमको सूचीको अभिलेख राखी राष्ट्रिय पत्रपत्रिकामार्फत सार्वजनिक गरिनेछ । साथै सो विवरण मन्त्रालयको वेबसाइटमा समेत राखिनेछ ।

(३) उपदफा (१) बमोजिम दुरुपयोग गरिएको वित्तीय अनुदान रकम सो संस्थाका पदाधिकारी एवम् सदस्यहरुको घर घरानाबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम साँवा र व्याज सहित असूल उपर गर्न मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

२०. <u>सफाई पेश गर्ने मौका दिनु पर्ने</u> : दफा १८ बमोजिम अनुदान रोक्का राख्नुपर्दा वा दफा १९ बमोजिम कालो सूचीमा राखी रकम असूल उपर गर्नु पर्दाको अवस्थामा सम्बन्धित संस्था र सो संस्थाका पदाधिकारी एवम् सदस्यहरुलाई सफाई पेश गर्ने मुनासिब माफिकको मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेद-५
## <u>विविध</u>

२१. <u>वित्तीय अनुदानको लेखापरीक्षण</u> : (१) संस्थाले यस कार्यविधि बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण, सुदूरपश्चिम प्रदेशको सहकारी ऐन, २०७५ तथा प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको श्रेस्ता तथा बिल भरपाईहरु यस कार्यविधि बमोजिम अलग्गै रुपमा सुरक्षित राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभाबाट स्वीकृत भएपछि सम्बन्धित नियमनकारी निकाय तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सम्पन्न लेखापरीक्षण त्रुटीपूर्ण रहेको भनी उजुरी परेमा तत्सम्बन्धमा मन्त्रालयले छानविन गरी संस्थालाई पुनःलेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

२२. <u>साधारण सभालाई जानकारी गराउनुपर्ने</u> : यस कार्यविधि बमोजिम अनुदान प्राप्त भएपछि संस्थाले लगत्तै बस्ने वार्षिक साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ ।

२३. <u>प्रवर्द्धन वा पुन: सञ्चालनका लागि अनुदान दिन सकिने</u>: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको विशेष प्राथमिकताको लक्षित कार्यक्रम अन्तर्गत प्रवर्द्धन गरिने संस्थाका साथै प्रदेशको मातहतमा आएका पुराना साझा (सहकारी) संस्थाको सम्पत्तिको संरक्षण र उपयोग गरी पुनःसञ्चालन गर्ने विषयमा सरकारको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए अनुसार अनुदान प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानका सम्बन्धमा अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

२४. स्थानीय तहसँगको समन्वय : (१) मन्त्रालयले यस कार्यविधि बमोजिम स्वीकृत भएको वित्तीय अनुदानको रकम र प्रयोजन समेत खोली त्यस्तो अनुदान प्राप्त गर्ने संस्थाहरुको विवरण सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) संस्थाले दफा १६ बमोजिम मन्त्रालयमा पेश गर्ने प्रतिवेदनको एक प्रति सम्बन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा सञ्चालन गरेको आयोजनाको नियमित अनुगमन र कार्यान्वयनमा समन्वय गर्नुपर्नेछ ।

(४) अनुदान प्राप्त गर्ने संस्थाहरुले प्राप्त अनुदानबाट गरेका कार्यहरु वार्षिक साधारण सभाबाट अनुमोदन गरी सोको एक प्रति सम्बन्धित स्थानीय तहमा समेत उपलब्ध गराउनु पर्नेछ ।

२५. प्रतिवेदन प्रकाशन गर्नु पर्ने : मन्त्रालयले यस कार्यविधि बमोजिम प्रदान गरिएको वित्तीय अनुदानको प्रतिफल समेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ ।

२६. प्रचलित कानून बमोजिम हुने: प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२७. खारेजी र बचाउ : (१) आयआर्जन तथा उत्पादनमूलक कार्यमा सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) आयआर्जन तथा उत्पादनमूलक कार्यमा सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ बमोजिम भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसुची -१

(दफा ६ उपदफा (४) सँग सम्बन्धित)

<u>दरखास्तको ढाँचा</u>

मिति :

श्रीमान सचिवज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

विषय : वित्तीय अनुदानका लागि प्रस्ताव पेश गरिएको ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढीबाट मिति................ मा .............. दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस संघ/संस्थाले मन्त्रालयको वित्तीय अनुदान समेतमा...............आयोजना सञ्चालन गर्ने गरी मिति ........... को वार्षिक साधारण सभाले निर्णय गरेकाले सूचनामा तोकिए बमोजिम तपसिलका कागजात संलग्न राखी अनुसुची-३ बमोजिमका विवरण खुलाई यो दरखास्त पेश गरिएको छ ।सहकारी संस्थाहरुलाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६ का शर्त बन्देजहरु पालना गर्न यो संस्था मञ्जुर छ ।

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि र संस्थाको विनियमको प्रतिलिपि,
(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण पत्र,
(ग) आयोजनाको पूरा विवरण खुल्ने प्रस्ताव,
(घ) साधारण सभाबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,
(ङ) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क नम्बर खुलेको विवरण,
(च) आयोजना सञ्चालन गर्दा जग्गा प्राप्त गर्नुपर्ने भएमा जग्गा प्राप्तिको भरपर्दो अवस्था खुल्ने कागजात,
(छ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पूँजीको स्रोत खुलेको कागजात,
(ज) स्थानीय तहभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाले सम्बन्धित स्थानीय तहबाट प्रमाणित गरिएको अनुसूची-२ बमोजिमको विवरण र आयोजनाको उपयुक्तता सम्बन्धमा स्थानीय तहको सिफारिस, र
(झ) अनुसुची-३ बमोजिमको आयोजना विवरण ।

निवेदन दिने संस्थाको तर्फबाट

संस्थाको प्रमुखको नाम :

दस्तखत :

संस्था प्रमुखको पद :

संस्थाको नाम ठेगाना :

कार्यक्रम सञ्चालन हुने स्थानको पूरा ठेगाना:

संस्थाको छाप

मिति :

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

अनुसुची-२

(दफा ७ को उपदफा (२) सँग सम्वन्धित)

## प्रारम्भिक जाँचसुची

१. सूचनाको म्यादभित्र दरखास्त दर्ता ☐ भएको ☐ नभएको

२. सूचनामा तोकिएका सबै कागजात सबै संलग्न ☐ भएको ☐ नभएको

३. पछिल्लो वार्षिक साधारण सभा समयमै ☐ गरेको ☐ नगरेको

४. पछिल्लो सञ्चालक समतिको निर्वाचन समयमै ☐ गरेको ☐ नगरेको

५. पछिल्लो वार्षिक लेखापरीक्षण समयमै ☐ गराएको ☐ नगराएको

६. यस अघि अनुदान प्राप्त गरेको भए सदुपयोग ☐ गरेको ☐ नगरेको

७. कार्यक्षेत्र भन्दा बाहिर गई कारोवार सञ्चालन ☐ गरेको ☐ नगरेको

८. संस्था सञ्चालनमा आएको कम्तीमा २ आर्थिक वर्ष पूरा ☐ भएको ☐ नभएको

(बीउ पुँजी अनुदानको हकमा प्रारम्भिक साधारणसभा सम्पन्न ☐ भएको ☐ नभएको

९. कर चुक्ता प्रमाणपत्र ☐ भएको ☐ नभएको

१०. दफा १० को उपदफा (५) बमोजिम मन्त्रालयले तोके बमोजिम ☐ भएको ☐ नभएको

११. बीउ पुँजी र पुँजिगत अनुदानको हकमा बचत तथा ऋण सहकारी संस्था ☐ भएको ☐ नभएको

१२. लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पेश ☐ भएको ☐ नभएको

द्रष्टव्य: (अनुदान दिन सकिने, नसकिने सम्वन्धमा राय लेख्ने) ..................................................

..................................................................................................................

| जाँच गर्ने कर्मचारीको | प्रमाणित गर्नेको |
|---|---|
| नाम थर : | नाम थर : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| मिति : | मिति : |

अनुसुची-३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

<u>आयोजनाको विवरण</u>

१. संस्थाको नाम ..........................................

ठेगाना : जिल्ला : न.पा./गा.पा. : वडा नं. : गाउँ/टोल :

२. दर्ता नं. र मिति :

३. आयोजनाको नाम :

४. आयोजना स्थल : जिल्ला : न.पा./गा.पा.

वडा नं. : गाउँ/टोल :

५. आयोजना प्रारम्भ हुने मिति :

६. आयोजना सम्पन्न हुने मिति :

७. प्रस्तावित आयोजनाको कूल लागत रु. :

७.१. स्थिर पुँजी आवश्यकता रु. :

(क) मेसिनरी उपकरण रु. : (ख) जग्गा रु. :

(ग) भवन रु. : (घ) पशुपन्छी खरिद रु. :

(ङ) अन्य (खुलाउने) रु. :

७.२. कार्यशील आवश्यकता पुँजी रु. :

८. संस्थाले ब्यहोर्ने लागत प्रतिशत :

९. संस्थाको लागत व्यहोर्ने श्रोत :

(क) शेयर रकमबाट रु. : (ख) जगेडा कोषबाट रु. :

(ग) अन्य रु. :

१०. नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहको अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने :

१३. आयोजना स्थलमा पूर्वाधारको स्थिति ( ✓ चिन्ह लगाउनुहोस)

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

बिजुली ☐

सिचाई ☐

पक्कि सडक ☐

कच्ची सडक ☐

१४.व्यवसायको लागि भवन, टहरा, गोठको स्थिति ( ✓ चिन्ह लगाउनुहोस)

| पूर्वाधार | आफ्नै स्वामित्वमा निर्माण भएको | आफ्नै स्वामित्वमा निर्माणाधिन |
|---|---|---|
| भवन | | |
| टहरा | | |
| गोठ | | |

१५. कार्यालयको भौतिक स्थिति :

आफ्नै भवन ☐

भाडाको भवन ☐

१६. संस्थागत सूशासनको स्थिति :

सञ्चालक समितिको बैठक नियमित ☐ छ / ☐ छैन

वार्षिक साधारण सभा नियमित ☐ छ / ☐ छैन

लेखापरीक्षण नियमित ☐ छ / ☐ छैन

संघहरुमा आवद्ध ☐ छ / ☐ छैन

कार्य सञ्चालन नियमावली ☐ छ / ☐ छैन, छ भने कति वटा

आयोजनाको सम्भाव्यता अध्ययन ☐ छ/ ☐ छैन, भएको भए व्यवसायको वार्षिक मुनाफा दर

१७. उत्पादित वस्तुको बजार सम्भावना :

राष्ट्रिय बजारको पहुँच ☐ भएको / ☐ नभएको

स्थानीय बजारको पहुँच ☐ भएको / ☐ नभएको

१८. सामुहिक व्यवस्थापनमा सञ्चालन :

(क) ☐ हुने / ☐ नहुने

(ख) हुने भए सामुहिक रुपमा के कसरी सञ्चालन हुने हो खुलाउने ....

१९. प्रविधिमा नवप्रवर्तन (उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रुपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी :

(क) ☐ हुने / ☐ नहुने

(ख) हुने भए के कसरी हुने हो खुलाउने......

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

२०. मूल्य श्रङखला (Value Chain) मा माथिल्लो क्रियाकलाप

(क) □ हो /□ होईन

(ख) हो भने व्यहोरा खुलाउने ............

२१. वातावरणीय सरोकार (प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव)

(क) सकारात्मक प्रभाव □ हुने /□ नहुने

(ख) हुने भएमा के कस्तो हुने हो खुलाउने...............

(ग) नकारात्मक प्रभाव □ हुने /□ नहुने

(घ) हुने भएमा के कस्तो हुने हो खुलाउने .................

२२. आयोजनाबाट पर्ने सामाजिक / आर्थिक / वित्तीय प्रभाव विश्लेषण :

२३. दीगोपनाको सुनिश्चित हुने ठोस आधार :

सदस्यको आवश्यकता सम्बोधन :

सदस्यको पेशा :

२४. अपेक्षित प्रभाव : सदस्यहरु तथा कृषकहरु के कसरी वास्तविक रुपमा लाभान्वीत हुन्छन् सो सम्बन्धी विवरण :

.........................

अध्यक्षको हस्ताक्षर

नाम थर :

संस्थाको नाम र ठेगाना:

सम्पर्क नं.:

संस्थाको छाप

निमित्त सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

# अनुसुची-४

(दफा ९ को उपदफा (२) र दफा १० को उपदफा (४) सँग सम्बन्धित)

## प्रस्ताव मुल्याङ्कनका आधार र अंक

| सि.नं. | आधार | अंक | पूर्णाङ्क |
|---|---|---|---|
| १ | आयोजनाको सदस्य केन्द्रियता (उत्पादनमूलक संस्थामा सदस्यबाट खरिद, उपभोक्ता संस्थामा सदस्यहरुलाई विक्री, श्रमिक सहकारी संस्थामा सदस्यलाई रोजगारी) | | १० |
| १.१ | हालको अवस्था | ५ | |
| क | १०० प्रतिशत | ५ | |
| ख | ७५ प्रतिशत वा बढी | ४ | |
| ग | ५० प्रतिशत वा बढी | ३ | |
| घ | २५ प्रतिशत वा बढी | २ | |
| ङ | २५ प्रतिशत भन्दा कम | १ | |
| १.२ | आयोजनाको प्रक्षेपित अवस्था | ५ | |
| क | १०० प्रतिशत | ५ | |
| ख | ७५ प्रतिशत वा बढी | ४ | |
| ग | ५० प्रतिशत वा बढी | ३ | |
| घ | २५ प्रतिशत वा बढी | २ | |
| ङ | २५ प्रतिशत भन्दा कम | १ | |
| २ | आयोजनाबाट सिर्जना हुने रोजगारी (प्रति लाख लगानीमा पूर्ण रोजगारी संख्या) | | १० |
| क | ५ जना वा बढी | १० | |
| ख | ४ जना | ८ | |
| ग | ३ जना | ६ | |
| घ | २ जना | ४ | |
| ङ | १ जना वा कम | २ | |
| ३ | समावेशीता | | १५ |
| ३.१ | महिला सहभागिता सदस्यमा, सञ्चालक समितिमा र आयोजनाको लाभ लिनमा (औसतमा) | ५ | |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

| | | | |
|---|---|---|---|
| क | शत प्रतिशत | ५ | |
| ख | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ | नभएको | १ | |
| ३.२ | सीमान्तकृत समुदायको सदस्यमा, सञ्चालक समितिमा र आयोजनाको लाभ लिनमा सहभागिता (औसतमा) | १० | |
| क | शत प्रतिशत | १० | |
| ख | ५१ प्रतिशत भन्दा बढी | ८ | |
| ग | ३३ प्रतिशत भन्दा बढी | ६ | |
| घ | ३३ प्रतिशत भन्दा कम | ४ | |
| ङ | नभएको | २ | |
| ४ | संस्थागत सुशासनको अवस्था | | १० |
| ४.१ | वार्षिक साधारण सभा | ५ | |
| क | ऐनले तोकेको समयभित्र सम्पन्न गरेको | ५ | |
| ख | ऐनले तोकेको समयभन्दा १ महिना ढिलो सम्पन्न गरेको | ३ | |
| ग | ऐनले तोकेको समयभन्दा १ महिनाभन्दा ढिलो सम्पन्न गरेको | १ | |
| ४.२ | लेखापरीक्षण | ५ | |
| क | ऐनले तोकेको समयभित्र सम्पन्न गरेको | ५ | |
| ख | ऐनले तोकेको समयभन्दा १ महिना ढिलो सम्पन्न गरेको | ३ | |
| ग | ऐनले तोकेको समयभन्दा १ महिनाभन्दा ढिलो सम्पन्न गरेको | १ | |
| ५ | भौगोलिक अवस्था | | ५ |
| क | बाजुरा, बझाङ, दार्चुला | ५ | |
| ख | अछाम, बैतडी, डडेल्धुरा, डोटी, कैलालीका चुरे र मोहन्याल गा.पा | ४ | |
| ग | कैलाली (चुरे र मोहन्याल गा.पा बाहेक) र कञ्चनपुर | ३ | |
| ६ | आयोजनास्थलमा पूर्वाधारको स्थिति (बिजुली, सिंचाई र सडक) | | ५ |
| क | तीनवटै भएको | ५ | |
| ख | दुईवटा भएको | ४ | |
| ग | कुनै एक मात्र भएको | ३ | |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

| | | | |
|---|---|---|---|
| ७ | **आयोजनाबाट पर्ने प्रभाव** | | १५ |
| क | सामाजिक प्रभाव (शैक्षिकस्तर, स्वास्थ्य स्थिति र जीवनयापन) | २ | |
| ख | आर्थिक/वित्तीय प्रभाव (पूँजी परिचालन, लक्षित वर्गमा पहुँच, व्यावसयिकता आदि) | ६ | |
| ग | वातावरणीय सरोकारको सम्बोधन | ४ | |
| घ | सदस्यको जीवनस्तरमा पर्ने प्रभाव (सशक्तिकरण, नेतृत्व विकास, सिकाई आदि) | ३ | |
| ८ | **आयोजनाको दीगोपना** | | १० |
| क | लागतमा सहभागिता | २ | |
| ख | सदस्यको आवश्यकताको सम्बोधन | ४ | |
| ग | सदस्यको पेशासँग सरोकार | ४ | |
| ९ | **सिर्जनात्मकता** | | २० |
| क | सामुहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| ख | भैरहेको प्रविधिमा नवप्रवर्तन | ५ | |
| ग | मूल्य श्रखलामा माथिल्लो क्रियाकलाप | ५ | |
| घ | उत्पादनको बजारीकरण | ५ | |

नोट : माथि उल्लिखित मूल्याङ्कनका आधारहरु र तिनको अंक विभाजन (break down) मा दफा ९ बमोजिमको मूल्याङ्कन समितिले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।तर त्यस्तो हेरफेर गर्नुपूर्व दफा ११ बमोजिमको मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

**द्रष्टब्य :** १. पूर्ण रोजगारी भन्नाले वर्षमा २,०८० घण्टाको काम सम्झनु पर्छ ।

२. वातावरणीय सरोकार भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोतरी, स्थानीय जातको संरक्षण, प्राङगारिक खेतीपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव सम्झनु पर्छ ।

३. नवप्रवर्तन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रुपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सृजनात्मक अवलम्बन सम्झनु पर्छ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

## अनुसुची-५

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

## सम्झौता-पत्र

### प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कैलाली र श्री ................संस्थाबीच सम्पन्न सम्झौता–पत्र

प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (यसपछि 'प्रथम पक्ष' भनिएको) र श्री ............. सहकारी संस्था लि. (यसपछि 'दोस्रो पक्ष' भनिएको) का बीच सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६ (यसपछि 'कार्यविधि' भनिएको) बमोजिम संस्थाको स्रोत र प्रदेश सरकारको वित्तीय अनुदान समेतबाट आयोजना सञ्चालन गर्ने, गराउने सम्बन्धमा तपसिलमा उल्लिखित सर्त, बन्देजहरू एक-आपसमा पालना गर्ने गरी दुवै पक्षको राजीखुसीले धनगढीमा बसी पढीबाची कार्यविधिको दफा १५ बमोजिम यो सम्झौता–पत्रमा सहीछाप गरी एक–एक प्रति बुझी लियौं/दियौं ।

### भाग-१

### आयोजना

१. प्रथम पक्षले मिति ........... को ............मा प्रकाशित मन्त्रालयको सूचना बमोजिम पेस गरेको दरखास्तमा संलग्न प्रस्तावमा उल्लेख भए बमोजिमको .......................... गर्न संस्थालाई कार्यविधि अन्तर्गतको मन्त्रालयले मिति .............. मा स्वीकृत गरेको अधिकतम सीमा रु. ............. (अक्षरेपी ...............) मा आयोजनाको यथार्थ पूँजीगत लगानीको .......... प्रतिशत ननाघ्ने गरी वित्तीय अनुदान प्रदान गर्नेछ ।

२. बुँदा (१) मा उल्लिखित आयोजना अन्तर्गतका कार्यहरू दोस्रो पक्षले आर्थिक वर्ष ................. भित्र सम्पन्न गर्नु पर्नेछ ।

### भाग-२

### संस्थाको दायित्व

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव मुताविकको कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र सम्पन्न गर्नुपर्नेछ ।

४. दोस्रो पक्षले खरिद योजनाका साथै कार्यसम्पादन तालिकासमेत पेस गर्नुपर्नेछ तथा त्यस्तो तालिकामा काम सुरु भएपछि हुने अवधिवीचको क्रियाकलाप समावेश भएको हुनुपर्नेछ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिम अनुदानको रकम माग गर्दा आयोजनाअन्तर्गत सम्पन्न गरिने कार्यहरूको नाप, नक्सा, प्राविधिक विवरण, लागत अनुमान, खरिद योजना, प्राविधिक जाँच प्रतिवेदन, बील, भरपाईलगायत सम्पूर्ण कागजातका साथै तत्सम्बन्धी भएका निर्णयका प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले कार्यविधिको दफा ४ बमोजिम सदस्य-केन्द्रित भएर आयोजना अन्तर्गतका सेवा सञ्चालन गर्नेछ तथा सेवामा विपन्न महिला, अपाङ्गता भएका व्यक्ति, दलित एवं अल्पसङ्ख्यक

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

जनजाति समेतका सीमान्तीकृत समूहहरूको पहुँच स्थापित गर्न प्रोत्साहनजनक व्यवस्थाहरू मिलाउनेछ ।

७. दोस्रो पक्षले यो सम्झौता–पत्रबमोजिम प्राप्त हुने वित्तीय अनुदानको सम्पूर्ण रकमका सम्बन्धमा कार्यविधि बमोजिम लेखाङ्कन र उपयोग गर्नुपर्नेछ ।

८. दोस्रो पक्षले आयोजना स्थल वा संस्थाको कार्यालयमा छुट्टै सूचना पाटी खडा गरी कार्यविधि बमोजिम प्रदेश सरकारका साथै संस्थाको योगदानसमेत देखिने गरी आयोजनाको जम्मा बजेट र अद्यावधिक खर्चको फाँटवारी उल्लिखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

९. आयोजना सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दीगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

१०. दोस्रो पक्षले आयोजना अन्तर्गत सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको प्रगति विवरण सञ्चालक समितिले स्वीकृत गरी कार्यविधिको दफा १८ बमोजिम नियमित रुपमा मन्त्रालयमा पेस गर्नुपर्नेछ ।

११. दोस्रो पक्षले यो सम्झौता–पत्र बमोजिम प्राप्त हुने अनुदान रकमको स्रेस्ता तथा बील, भरपाईहरू अलग्गै रूपमा राखी सहकारी ऐन, २०७४ मा व्यवस्था भए बमोजिम लेखापरीक्षण गराएर वार्षिक साधारण सभाबाट स्वीकृत भएपछि मन्त्रालयमा पठाउनु पर्नेछ ।

भाग-३

प्रथम पक्षको दायित्व

१२. दोस्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियम अनुसारको बिल भरपाई दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भूक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्रतिवेदनको आधारमा कार्यविधिको दफा १५ बमोजिम माग गरेको रकम पन्ध्र दिनभित्र भुक्तानी गर्नेछ ।

भाग-४

सर्तहरू

१३. दोस्रो पक्षले खरिद गर्ने मेसिनरी यन्त्र, साधन, उपकरण र यान्त्रिक सरसामान सबै अघि कही कसैले प्रयोग गरी सकेको नभएर नयाँ हुनुपर्नेछ ।

१४. आयोजनाको पूर्वतयारीको चरणदेखि नै मन्त्रालय र कार्यालयले जुनसुकै वेला स्थलगत अनुगमन गर्न सक्नेछ तथा दोस्रो पक्षले त्यसमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

१५. दोस्रो पक्षको लेखापरीक्षण त्रुटिपूर्ण रहेको भनी उजुरी परेमा प्रथम पक्षले तत्सम्बन्धमा छानविन गरी पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

१६. दोस्रो पक्षले यो सम्झौता–पत्र बमोजिम प्राप्त अनुदानको जानकारी लगत्तै बस्ने वार्षिक साधारण सभामा गराउनुका साथै वार्षिक साधारण सभामा अनुदानबाट सम्पन्न गरेका कार्यहरूको विवरण पेस गरी अनुमोदन गराउनु पर्नेछ ।

१७. दोस्रो पक्षले प्राप्त वित्तीय अनुदानको सदुपयोग नगरेको वा यो सम्झौता–पत्रको कुनै सर्त पालना नगरेको पाइएमा पहिलो पक्षले कार्यविधिको दफा २० बमोजिम बाँकी किस्ताको भुक्तानी रोक्का राख्नुका साथै त्यस्तो अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा कार्यविधिको दफा २१ बमोजिम त्यसरी दुरुपयोग गर्ने संस्थाका पदाधिकारी तथा सदस्यको घरघरानाबाट सरकारी बाँकी सरह असुल उपर गराउन सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

## भाग-५

## विविध

१८. प्रथम पक्ष वा दोस्रो पक्षले काबुबाहिरको परिस्थितिका कारण यो सम्झौता–पत्रको कुनै बुँदामा संशोधन गर्नुपर्ने भएमा दोस्रो पक्षको हकमा त्यस्तो घटना घटेको सात दिनभित्र निवेदन दिनुपर्नेछ र औचित्यका आधारमा दुवै पक्षको आपसी सहमतिले संशोधन गर्न सकिनेछ ।

१९. यो सम्झौता–पत्रमा नलेखिएको कुनै कुराका सम्बन्धमा वा यसमा लेखिएको कुनै कुरा कार्यविधिसँग बाझिएकोमा कार्यविधि बमोजिम हुनेछ ।

२०.यो सम्झौता–पत्रको कुनै प्रावधानका सम्बन्धमा विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी समझदारीमा त्यस्तो विवादको निरूपण गरिनेछ ।

२१. दुवै पक्ष बीचको विवादको निरूपण हुन नसकेको खण्डमा मन्त्रालयको निर्णय बमोजिम हुनेछ तथा तत्सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

२२. यो सम्झौता–पत्रमा लेखिएका कुरा यसै बमोजिम र यसमा नलेखिएका कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

ईति सम्बत् २०७... साल .......... महिना ........ रोज ........... शुभम्............................।

सहीछाप

| संस्थाको तर्फबाट | मन्त्रालयको तर्फबाट |
|---|---|
| नामः श्री ........................... | नामः ........................... |
| पदः अध्यक्ष | पदः ............... |
| हस्ताक्षरः | हस्ताक्षरः |
| छापः | छापः |

रोहवर

| | |
|---|---|
| १. नामः | १. नामः ........................... |
| ठेगानाः | ठेगानाः भूमि व्यवस्था कृ.तथा सहकारी मन्त्रालय |
| हस्ताक्षरः | हस्ताक्षर |
| २. नामः | २. नामः ........................... |
| ठेगानाः | ठेगानाः भूमि व्यवस्था कृ.तथा सहकारी मन्त्रालय |
| हस्ताक्षरः | हस्ताक्षर |

अनुसूची-६

(दफा १५ उपदफा (२) सँग सम्बन्धित)

**<u>कार्यसम्पन्न प्रतिवेदनको ढाँचा</u>**

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

...................................... निर्देशनालय

....................................... केन्द्र, .........................

......................... कार्यक्रम

कार्यसम्पन्न प्रतिवेदन

योजनाको नाम :
स्थान :
सम्झौता मिति:

खुद बढी भएको रकम रु. :
घटी बढी हुनुको कारण:
कार्यसम्पन्न हुनुपर्ने मिति:

खुद घटी भएको रकम रु. :
इष्टिमेट अनुसारको रकम रु. :
खूद कार्य भए बमोजिमको रकम रु. :

कृषक/कृषक संस्थाको नाम:

सम्पर्क व्यक्ति/अध्यक्षको नाम:

| क्र.सं. | कार्यको विवरण | इकाई | लगत इष्टिमेट अनुसार | | | खुद काम भएको (स्थलगत नापी अनुसार) | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| | | | | | कार्यालय अनुदान | | | | | | | |
| | | | | | स्वलगानी.......% | | | | | | | |

तयार गर्ने          काम गर्ने          जाँच गर्ने          सदर गर्ने